# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.०८०/८१
च.नं. १२४६

मिति : २०८०/०९/२५

विषय : कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सूचना ।

**श्री सामुदायिक विद्यालयहरु सबै,**
**केराबारी गाउँपालिका, मोरङ ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ ले निर्दिष्ट गरे बमोजिम तपसिलका कार्यक्रमहरुको लागि मिति २०८० माघ १५ गतेभित्र गाउँपालिकाको शिक्षा शाखामा आइपुग्ने गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.सं. | कार्यक्रमको नाम | एकाइ | प्रति इकाइ बजेट रु. | जम्मा बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २ | ३ लाख र २ लाख | ५ लाख | आधारभूत तह तर्फ न्यूनतम् १०० र माध्यमिक तर्फ न्यूनतम् २०० जना विद्यार्थी भएका विद्यालयहरुले मात्र प्रस्ताव पेश गर्न सक्ने |
| २ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार | ६ लाख ५० हजार | माध्यमिक विद्यालयहरुले मात्र प्रस्ताव पेश गर्न सक्ने । |

**द्रष्टव्य :**

१) विद्यालयहरुले प्रस्ताव पेश गर्दा विद्यालयको संक्षिप्त परिचय, कक्षागत विद्यार्थी संख्या, तहगत शिक्षक संख्या, भौतिक पूर्वाधारको विवरण, शैक्षिक सत्र ०७९ को सिकाइ उपलब्धि, प्रस्ताव पेश गर्ने कार्यक्रमको आवश्यकता, उपयोगको सम्भाव्यता, अपेक्षित परिणाम लगायतका विवरणहरु समावेश गर्नुपर्नेछ ।

२) क.सं. १. को लागि प्रस्ताव पेश गर्ने विद्यालयहरुले सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, पद्धति र प्रक्रिया बमोजिम आ.व.०७९/८० को सामाजिक परीक्षण अनिवार्य रुपमा गरेको हुनुपर्नेछ । साथै

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट: www.kerabarimun.gov.np, फोन नं. ०२१-४०३११०

CamScanner

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.०८०/८१
च.नं. १२९६

सामाजिक परीक्षणमा उल्लेखित मूल्याङ्कनका आधार बमोजिम अङ्क प्राप्त गर्दाका आधार तथा प्रमाणहरु (प्रमाणित कागजात र फोटा) प्रस्तावको साथमा संलग्न राख्नुपर्नेछ ।

३) क्र.सं. २. को लागि प्रस्ताव पेश गर्दा विगतमा कुनै पनि निकायवाट विज्ञान प्रयोगशाला अनुदान प्राप्त नगरेको माध्यमिक विद्यालय हुनुपर्नेछ र विज्ञान प्रयोगशालाको लागि अनुदान प्राप्त गरेको अवस्थामा त्यसको उचित व्यवस्थापन र उपयोगको सुनिश्चितता प्रस्तावनामा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ ।

४) विद्यालयले पेश गरेको प्रस्ताव उपर गाउँपालिकाले आवश्यक परेको खण्डमा स्थलगत निरीक्षण/अवलोकन गर्न वा थप प्रमाण झिकाउन सक्नेछ । विद्यालयले झुटो विवरण पेश गरेको पाइएमा नियमानुसार भइजाने व्यहोरा समेत अनुरोध छ ।

अर्जुन घिमिरे
अधिकृतस्तर सातौं

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट: www.kerabarimun.gov.np, फोन नं. ०२१-४०३११०

"कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्ध केराबारी हाम्रो आधार"

CamScanner